

# माकुरा

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# माकुरा

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

क्रिस्टाबेल पिन्टो

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| | |
|---|---|
| जहाँसुकै माकुरा | ५ |
| ठुलो र सानो | ६ |
| हुर्काइ र विकास | ७ |
| माकुराको चाल | ८ |
| रेसम उत्पादन | ९ |
| खाना | १० |
| जालोमा आहारा थाप्ने | ११ |
| आहाराका लागि सिकार | १२ |
| ठोस खानाबाट तरल खाना | १३ |
| प्रजनन | १४ |
| बच्चा माकुरा | १५ |
| माकुरालाई खतरा | १६ |
| तिमीलाई थाहा भयो ? माकुराका बारेमा रमाइला तथ्यहरू | १७ |
| शब्द अर्थ | १९ |



## जहाँसुकै माकुरा

माकुराका करिब ४० हजार प्रजाति छन् । माकुरा आन्टार्टिकाबाहेक संसारका सबै महादेशमा पाइन्छन् । माकुरा अराच्निड्स् भन्ने प्राणी समूहअन्तर्गत पर्दछ । यो समूहका प्राणीहरूको दुई खण्डको शरीर र आठ ओटा खुट्टा हुन्छन् । पखेटा वा एन्टेना हुँदैन । अराच्निड्स परिवारभित्र समेटिने अन्य प्राणीमा बिच्छी, सुलसुले, किर्ना आदि पर्दछन् ।

# ठुलो र सानो



गोलिथ बर्डइटर

तौलका आधारमा विश्वकै सबैभन्दा ठुलो माकुरा दक्षिण अमेरिकामा पाइने गोलिथ बर्डइटर हो । यसको तौल १७० ग्रामसम्म हुनसक्छ । नाम बर्डइटर भए पनि यसले बिरलै मात्र चराहरूलाई खान्छ । खुट्टाको लम्बाइका आधारमा हुन्ट्स्म्यान माकुरा सबैभन्दा ठुलो हो । यसको खुट्टाको लम्बाइ ३० सेन्टिमिटरसम्म हुन्छ ।




पाटु डिगुआ

कोलम्बियामा पाइने पाटु डिगुआ संसारकै सबैभन्दा सानो माकुरा मानिन्छ । एउटा भाले पाटु डिगुआ औसतमा ०.३७ मिलिमिटरको हुन्छ । यो भनेको बालुवाको सानो कण जत्रै हो ।

# हुर्काइ र विकास

माकुराको शरीरको अघिल्लो खण्डलाई सेफालोथोऱ्याक्स भनिन्छ । दोस्रो खण्डलाई उदर अर्थात् एब्डोमन भनिन्छ । माकुराका आँखा, तिखो मुख, मस्तिष्क, पेट र विष उत्पादन गर्ने ग्रन्थीहरू सेफालोथोऱ्याक्समा पाइन्छ । माकुराका आठ ओटा खुट्टाहरू पनि शरीरको यही भागबाट पलाएका हुन्छन् । माकुराका रेसम उत्पादन ग्रन्थीहरू वा जालो बनाउने अङ्गहरू (स्पेनरेट्स) पछिल्लो उदर खण्डमा पाइन्छन् ।



## माकुराको चाल

माकुरा हिँड्दा ४ ओटा खुट्टा टेकेको हुन्छ भने ४ ओटा माथि हुन्छन् । माकुरा मांसपेशीहरू र हेमोलिम्फको संयोजन प्रयोग गरी हिँड्दछन् । हेमोलिम्फ माकुराको शरीरमा पाइने मानिसको रगत जस्तै तरल पदार्थ हो । खुट्टा चलाउनका लागि सेफालोथोऱ्याक्सका मांसपेशीहरू खुम्च्याएर माकुराले खुट्टामा हेमोलिम्फको चाप बढाउन सक्छ ।



# रेसम उत्पादन

माकुराको जालोसँग माकुरालाई जोडेर हेरिन्छ । सबै माकुराले रेसम उत्पादन गरे पनि जालो बुन्दैनन् । जालो र रेसम हिँड्न, अन्डा राख्ने थैली बनाउन, सिकारलाई पोको पार्न र आश्रयस्थल बनाउन प्रयोग हुन सक्दछ । फरक फरक माकुराले फरक फरक प्रकारका रेसम उत्पादन गर्छन् । माकुराको रेसम च्याप च्याप गरी टाँसिने, तन्कने वा सुख्खा पनि हुनसक्दछ ।






## खाना

माकुरा परभक्षी प्राणीहरू हुन् । त्यसैले यिनीहरू अरू प्राणीलाई पक्रन्छन् र खान्छन् । अधिकांश माकुराले किरा र उस्तै प्रकारका जनावरहरू खान्छन् । केही माकुराले भने मुसा, छेपारो र चरासम्मका ठुला जनावरहरूलाई पनि सिकार गर्न सक्दछन् । के तिमी माकुराले आफ्ना आहारा पक्रन सक्ने केही फरक फरक तरिकाहरू सोच्न सक्छौ ?

## जालोमा आहारा थाप्ने

धेरै माकुराले खानाका लागि किराहरूलाई पासोमा पार्न जालो बुन्दछन् । माकुराको देख्ने क्षमता राम्रो हुँदैन र तिनले पासोमा परेको सिकार कहाँ छ भनी पत्ता लगाउन जालोका धागाहरूको कम्पनलाई प्रयोग गर्दछन् । तिनले आहारा भेटेपछि त्यसलाई रेसममा पोको पार्दछन् । दाँतले त्यस आहारालाई टोक्नुअगाडि आहारा नढाकिँदासम्म पटक पटक वरिपरि घुमाई पोको पार्छन् ।





## आहाराका लागि सिकार

खाना पासोमा पार्न जालो प्रयोग नगर्ने माकुराले विभिन्न तरिकाबाट आहाराको सिकार गर्दछन् । केही माकुराले छालाको रङलाई प्रयोग गर्दछन् । जसले गर्दा उनीहरू वरिपरिको वातावरणमा उस्तै देखिन्छन्, घुल्न सक्छन् अनि नजिकबाट जाने आहारालाई झम्टन सक्छन् । अरू माकुरासँग देख्ने क्षमता राम्रो हुन्छ । टाढाबाट पनि आहारा देख्न सक्छन् र तिनलाई लखेट्न सक्छन् ।



## ठोस खानाबाट तरल खाना

माकुराले चबाउन सक्दैन, त्यसैले यिनीहरू तरल खानामात्र निल्न सक्छन् । उनीहरूको तिखो मुखले आहारालाई ठुँग्छन् र आहारालाई विषालु बनाउने विषभित्र पठाउँछन् । माकुराले खाना टुक्राउन मदत गर्ने पाचन रस आफ्नो आहाराभित्र पठाउँछन् । यसले आहाराको भित्री भागलाई तरलमा परिणत गर्दछ, जुन तरल खानालाई यिनीहरू चुस्न सक्छन् ।

## प्रजनन

पोथी माकुरा प्राय: भालेभन्दा ठुला हुन्छन् । सहबास भालेका लागि खतरापूर्ण हुन सक्दछ, किनकि पोथीले भालेलाई सिकार ठान्न सक्दछे । भालेले हल्का कम्पन जालोबाट पठाउँछ, यो सिकार पर्दाको कम्पनभन्दा फरक हुन्छ । भालेले नाचेर पोथीलाई आकर्षित गर्दछ । एउटा भाले माकुराले पोथीलाई भोको नहोस् र आफूलाई नै नखाओस् भन्नका लागि किराको उपहार दिन्छ ।



## बच्चा माकुरा

प्रजातिका आधारमा माकुराले दुईदेखि हजार ओटासम्म अन्डा पार्दछ । अधिकांश पोथीहरूले अन्डालाई रेसमले ढाकेर रेसमकै थैलीमा झुण्डाई बच्चाहरू ननिस्कँदासम्म सुरक्षा दिन्छन् । बच्चा कोरिलिएपछि शरीरको विकास पुरा गर्न तिनीहरू प्राय: थैलीमा नै बस्छन् ।







## माकुरालाई खतरा

माकुरा छेपारो, चरा, भ्यागुता, बाँदर जस्ता जनावरहरूको आहारा बन्न सक्दछ । एक प्रकारको बारुलो, जसले चिलेर माकुरालाई चलमलाउन नसक्ने बनाउँछ । माकुराका लागि यो बारुलो सबैभन्दा खराब परभक्षी हो । कीटनाशक विषादी वा किरा मार्ने रसायन प्रयोग गर्दा मानिसले पनि माकुरालाई हानि पुऱ्याउँछन् ।





## तिमीलाई थाहा भयो ?
## माकुराका बारेमा रमाइला तथ्यहरू

- माकुराले बनाउने रेसमलाई संसारकै सबैभन्दा दरो धागो मानिन्छ ।
- अधिकांश माकुराका आठ ओटा आँखा हुन्छन् । केहीमा कम पनि हुन्छन् ।
- माकुराहरू नजिक मात्र देख्ने हुन्छन् । यिनीहरूले टाढाका वस्तुहरू देख्न सक्दैनन् ।





- माकुराले हुर्केपछि काँचुली फेर्छन् । यसको अर्थ यिनले नयाँ छाला बढाएर आफ्नो छाला फेर्छन् ।
- माकुराले आफ्नो रेसम पुन:प्रयोग गर्छन् । यिनीहरू उपयोगी हुन छाडेको पुरानो रेसम खान्छन् ।
- माकुरासँगको डरलाई आराच्नोफोबिया भनिन्छ ।
- अधिकांश माकुरा मानिसका लागि हानिकारक छैनन् । यिनले मानिसमा विष पठाए भने पनि माकुराको टोकाइबाट मानिसको मृत्यु बिरलै हुन्छ ।

# शब्द अर्थ

**उदर –** माकुराको शरीरको पछिल्लो खण्ड । रेसम उत्पादन ग्रन्थीहरू उदरको पुछरतिर हुन्छन्

**आराच्निड्स –** दुई शरीर खण्डहरू, आठ खुट्टासहितका तर पखेटा र एन्टेना नहुने प्राणीहरूको समूह

**आराच्नोफोबिया –** माकुरासँगको डर

**सेफालोथोऱ्याक्स् –** माकुराको शरीरको अघिल्लो भाग, जसबाट खुट्टाहरू पलाएका हुन्छन्

**पाचन रस –** प्राणीले खाना टुक्राउने उद्देश्यले उत्पादन गर्ने तरल पदार्थहरू

**हेमोलिम्फ –** मानिसमा रगत जस्तै माकुराको शरीरमा सञ्चारित हुने तरल पदार्थ

**परभक्षी –** अरू जनवारहरूलाई खाने जनावर

**रेसम उत्पादन ग्रन्थीहरू –** रेसम उत्पादन ग्रन्थीहरू उदारको पुछारमा भेटिन्छन् । माकुराका आँखा, तिखो मुख, मस्तिष्क, पेट र विष उत्पादन गर्ने ग्रन्थीहरू सेफालोथोऱ्याक्स्मा पाइन्छन् ।

**विष –** आफ्नो सिकारलाई टोक्दा वा चिल्दा प्राणीहरूले निकाल्ने विषाक्त वस्तु ।

# पाठकका निम्ति प्रश्नहरू

१. माकुरा प्राणीको कुन समूहमा पर्दछ ? कस्ता विशेषताहरूले माकुरालाई यो प्राणी समूहमा पार्दछ ?

२. माकुराले आफूले उत्पादन गरेको रेसमलाई कसरी प्रयोग गर्दछ ?

३. माकुराले तरल खाना मात्र किन खान्छ भन्ने लाग्छ ? ठोस खाना चबाउन प्राणीलाई के आवश्यक पर्छ ?

४. यो किताब पढेपछि माकुराका बारेमा तिमीले थाहा पाएका सबैभन्दा रोचक तिन कुराहरू के के हुन् ?